# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAICHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal


प.सं.: ०७४/०७५

च.नं.(Ref.No.): १९६०

मिति :२०७४/१२/२२

**बिषय** :लामखुट्टे नियन्त्रण सम्बन्धमा ।

**श्री वडा कार्यालय सबै**

प्रस्तुत बिषयमा यस सुन्दरहरैंचा नगरपालिकाको कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय मोरङको भेक्टर कन्ट्रोल युनिट बाट डेङ्गु तथा चिकेन गुनियाँ रोगको खोज पड्ताल गरी लार्भा नस्ट गर्ने अभियान अर्न्तगत मिति :२०७४ चैत्र १८ गतेका दिन बाँसबारी चोक देखि पश्चिम बुढि गंगा सम्म वर्कशप,ग्यारेजमा राखिएका टायर र फोहर बिसर्जन स्थलमा गरीएको लामखुट्टे र लार्भा खोजि अभियानमा केहि स्थान हरुमा लामखुट्टेको प्रजाती मध्येको चिकेन गुनिया रोग सार्न सक्ने लामखुट्टे फेला परेको हुँदा हालकै अवस्था जस्तो वर्कशप,ग्यारेज र खुल्ला स्थानमा राखिएका टायर र फोहर बिसर्जन स्थल अब्यवस्थित रहेमा बर्षायाममा महाँमारी भै भयाबह परिस्थिती सिर्जना हुन सक्ने हुँदा उक्त अवस्था हुन नदिन वर्कशप,ग्यारेज र खुल्ला स्थानमा राखिएका टायर र फोहर बिसर्जन स्थललाई ब्यवस्थित गर्न तपसिलका बिधिहरु अपनाउन लगाई सम्भावित क्षती हुनबाट बचाउन अनुरोध गर्न्छि ।

तपसिल:

१.टायरहरु र पानि जम्ने बस्तुहरु लाई खुल्ला ठाउँमा नराख्ने र राख्नै पर्नेभए सो स्थलमा पानि नपर्नेगरी छाना लगाउने ।

२.यसरी राखिएका टायरहरुमा हप्तामा कम्तिमा १ पटक मट्टीतेलमा डढेको मोबिल मिसाइ छिट्ने ब्यावस्था गर्ने ।

३.फोहर बिसर्जन स्थल ब्यवस्थित गर्ने र नगरपालिकाको सुन्दरतालाई जोगाउने ।

४.स्वास्थ्य सम्बन्धि कुनै समस्या देखिएमा नजिकैको स्वास्थ्य संस्थामा जानकारी गराउने ।

**बोधार्थ:**

श्री प्रा.स्वा.के./स्वा.चौ. सबै :वार्ड कार्यलय संग समन्वय गरी आवस्यक सहयोग गर्नु हुन ।

जीवनप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत


Phone No.: - 021-545050, 545822, 546822, Fax: - 021-545822, Fire Brigade: - 021-546666
Website: www.sundarharaichamun.gov.np, Email: sundarharaichamun@gmail.com